# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

**केन्द्रीय कार्यालय, Central Office**

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ ज्येष्ठ ३२ गते

## आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीहरुद्धारा भूकम्प प्रभावितलाई आर्थिक सहयोग, रु. १ लाख ५ हजार ३ सय ३४ हस्तान्तरण ।

राष्ट्रिय मानव अधिकार आयोगमका अध्यक्ष, सदस्य तथा कर्मचारीहरुले १ लाख ५ हजार ३ सय ३४ रुपैया भूकम्प प्रभावितहरुको सहयोगार्थ स्थापना भएको प्रधानमन्त्री दैविक प्रकोप उद्धार कोषमा हस्तान्तरण गर्नुभएको छ ।

आयोगका अध्यक्ष तथा सदस्यहरुको रु ५१,१९६ र आयोगको केन्द्रीय कार्यालय, क्षेत्रिय कार्यालयहरु जनकपुर, नेपालगंज, पोखरा, विराटनगर, धनगढी तथा उपक्षत्रीय कार्यालयहरु बुटवल, जुम्ला, खोटाङका सम्पूर्ण कर्मचारीहरुको रु ५४,१३८ गरी जम्मा १ लाख ५ हजार ३ सय ३४ रुपैया भूकम्प प्रभावितहरुको सहयोगार्थ स्थापना भएको प्रधानमन्त्री दैविक प्रकोप उद्धार कोषमा हस्तान्तरण गर्नुभएको छ ।

बैशाख १२ र २९ गते गएको भूकम्प तथा त्यसपछि आइरहेको पराकम्पका कारण मानिसहरुको घर भत्किएर खुला चौरमा बस्न बाध्य भएपछि उनीहरुको सहयोगार्थ रकम हस्तान्तरण गरिएको हो ।

साथै भूकम्प प्रभावित जिल्लाहरुमा भूकम्प पीडितहरुको मानव अधिकारको अवस्था सम्बन्धमा आयोगले अनुगमन गरिरहेको छ । प्रारम्भिक अनुगमनबाट प्राप्त तथ्यहरुको आधारमा यस अघि नै नेपाल सरकार, राजनीतिक दलहरु तथा नागरिक समाजलाई आवश्यक सुझाव तथा सिफारिशहरु समेत गरेको छ ।

मोहना अन्सारी
सदस्य तथा प्रवक्ता